"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक,आवसीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धरान सुनसरी

प.सं. ०८१।०८२

८६-८६

**बिषयः-४८ घण्टे मेलमिलापकर्ता आधारभूत तालिम संचालनका लागी खुल्ला प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।०२।१९**

प्रस्तुत विषयमा यस कार्यालयलाई संलग्न विवरण अनुसारको ४८ घण्टे मेलमिलापाकर्ता आधारभूत तालिम संचालनका लागि धरान उपमहानगरपालकाको कार्यालयमा सूचिकृत भएको परामर्शदाता फर्फ तथा कम्पनीहरुले फर्म दर्ता, नविकरण र आ.व. २०८०।०८१ को कर चुक्ता र TOR बमोजिम कागजात सहित सूचना प्रकाशन मितिले ७ दिन कार्यालय समय भित्र रितपूर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा मिति २०८२।०२।०४ गतेको प्रमुख प्रशासकिय अधिकृत स्तरीय निर्णय बमोजिम जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

नोटः- **TOR** धरान उपमहानगरपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिने छ ।

..................

२०८२/०२/१९

बेदप्रसाद सापकोटा

प्रशासन महाशाखा प्रमुख

# ४८ घण्टे मेलमिलापकर्ता आधारभूत तालिम संचालन सम्बन्धी कार्यविवरण

**(Term of Reference)**

धरान उपमहानगरपालिका

स्थानीय सरकार
धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान-१२, सुनसरी
कोशी प्रदेश, नेपाल

**धरान उपमहानगरपालिकामा ४८ घण्टे मेलमिलापकर्ता आधारभूत तालिम संचालन गर्ने सम्बन्धमा**

## १. पृष्ठभुमी

नेपालको शासकिय संरचना संघ, प्रदेश र स्थानीय गरी तिनै तह कार्यन्वयनमा आए पश्चात् संघीय संरचनामा रुपान्तरण भइ सबै तहमा आ– आफ्नो सरकार स्थापित भई संचालनमा रहेको अवस्था छ ।संघीयताको अवधारणा अनुरुप प्राप्त अधिकारको प्रयोग गर्दै स्थानीय तहहरुले आफ्नै नियम तथा बजरेटको निर्काण गर्दै आइरहेका छन्। यसै सन्दर्भमा स्थानीय तह अन्तर्गतका न्यायिक समिति एव वडा कार्यालयहरुमा मेलमिलाप केन्द्रहरुको स्थापना गरी स्थानीय न्याय सम्पादनलाइ व्यवस्थित गर्ने गराउने व्यवस्था रहेको।

संविधानले जनतामा सर्वभौमसत्ता, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गऱ्यो । स्थानीय तहको संरचनालाई समेत संविधानमा नै उल्लेख गरियो ।संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको सामना अधिकारलाई स्पष्ट गरी तोकिनुबाट समेत स्थानीय तहलाई संविधानतः राज्य शक्तिको बाँडफाँट भएको छ भन्ने बुझिन्छ । जसअन्तर्गत धारा २१६ मा रहेको न्यायिक समिति कानूनबमोजिम तोकिएका अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न स्थानीय तहमा प्रबन्ध गरिएको न्यायिक संरचना हो ।
प्रत्येक गाँउपालिका र नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा गाँउसभा, नगरसभाबाट निर्वाचित २ जना सदस्य रही गठन हुने न्यायिक समितिलाई स्थानीय सरकारको न्याय सम्पादन गर्ने अङ्गको रूपमा संविधानले व्यवस्था गरेको छ ।
स्थानीय सरकारलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बनेको ऐन (स्थानीय सरकार सञ्चालन ऐन २०७४) ले न्यायिक समितिसम्बन्धी थप व्यवस्थाहरू गऱ्यो ।
सोही ऐनको दफा ४६ मा न्यायिक समितिको क्षेत्र अधिकार तोकियो फलस्वरूप स्थानीय तहमा नितान्त फरक दायित्व र जिम्मेवादी जिम्मेवारी रहेको एउटा न्यायिक समिति स्थापना भइ कार्यान्वयनमा आएको छ ।
यो संस्था स्थानीय स्तरमा न्यायिक क्षेत्रमा एउटा पवित्र संस्थाको रूपमा रहिआएको छ । स्थानीय तहमा अदालत राख्नुभन्दा विवाद समाधनका लागि वैकल्पिक न्याय निरूपण पद्धति अवलम्बन गरिएको छ । जुन सरल, सहज र जनमुखी बन्ने अपेक्षा राखिएको छ ।
समितिलाई विवादको प्रकृतिअनुसार क्षेत्राधिकार तोकिएको हुँदा सोअनुसार यसले दुई किसिमका विवाद निरुपण गर्ने अधिकार राख्छ ।
पहिलो— मेलमिलाप हुन नसकेमा आफैंले निरूपण गर्ने विवादमा आली, छुट, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको चरन, घाँस, दाउरा, ज्याला मजदुरी नदिएको लगायतका छन् ।

अम्बिका प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

दोस्रो— न्यायिक समितिले मेमिलापको माध्यमबाट मात्र निरूपण गर्ने विवादमा सरकारी सार्वजनिक वा सामुदायिकबाहेकका जग्गा अर्कोले च्यापी, मिची वा घुसाइखाएको, आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको पति-पत्नी सम्बन्धविच्छेद आदि विवादहरू राखिएका छन् ।

## २. औचित्य

स्थानीय सरकार संचालन ऐन २०७४ ले न्यायिक समितिको अधिकारक्षेत्र उल्लेख गरेको छ । जस अन्तर्गत मेलमिलाप गराउदा न्यायिक समितिले आफूले सूचिकृत गरेका मेलमिलापकर्ता बाट गराउनु पर्ने व्यवस्था गरेको छ ।साथै न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरेको छ ।

## ३. उद्देश्यहरु

धरान उपमहानगरपालिकाको न्यायिक समितको मेमिलाप सम्बन्धी कार्यलाइ प्रभावकारी बनाइ स्थानीय न्याय सम्पादन गर्न देहायका उद्देश्यका साथ यो तालिम संचालन गर्न लागिएको हो

- द्वन्द र विवादलाइ बुझ्ने/बुझाउने
- विवाद समाधानका वैकल्पिक उपायबारे जानकारी लिने
- मेलमिलाप सम्बन्धी राष्ट्रिय एवं अन्तराष्ट्रिय अभ्यासको बारेमा जानकारी लिने
- मेलमिलापका चरण र प्रकृयाका बारेमा जानकारी लिने
- दक्ष मेलमिलाप कर्ताको उत्पादन गर्ने
- स्थानीय गाउँ टोलमा हुने विवादको विषयहरुको स्थानीय तहबाटै समाधान गर्ने

## ४. कार्यविधि

धरान उपमहानगरपालिका न्यायिक समितिले मेलमिलाप कर्ता तालिम लिने व्यक्तिहरुको छनौट गरी छनौट भएको परामर्शदातालाइ नामावली सहित उपलब्ध गराउने छ ।परामर्शदाताले मेलमिलाप परिषदबाट स्वीकृत मेलमिलाप सम्बन्धी आधारभूत तालिमको पाठ्यक्रम बमोजिमको तालिम प्रदान गरी प्रमाणपत्र उपलब्ध गराउनुपर्ने छ । साथै धरान उपमहानगरपालिकको खर्च व्यवस्थापन कार्यविधि २०७८ बमोजिम तालिम लिने व्यक्तिहरुलाइ दैनिक भ्रमण भत्ता एवं खाना र खाजाको व्यवस्था तालिम प्रदायकले गर्नुपर्नेछ ।

## ५. परामर्शदाता टोली / परामर्शदाताको योग्यता र अनुभव तपसिल बमोजिम हुनेछ ।

अम्बिका प्रसाद चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

- मेलमिलाप सम्वन्धी ऐन, २०६८ को दफा २३ बमोजिम मेलमिलाप सम्वन्धी कार्य गर्न स्वीकृत संस्थाहरु ।
- **मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २७(ग) बमोजिम स्वीकृत प्राप्त मेलमिलाप सम्बन्धी तालिम प्रदायक संस्थाहरू।**

६. परामर्शदाताको भुमिका तथा जिम्मेवारी

- धरान उपमहानगरपालिका संग समन्वय गरी तालिमको मिति र समय तोक्ने।
- मेलमिलाप परिषद्ले स्वीकृत गरेको मेलमिलाप सम्बन्धी आधारभूत तालिमको पठ्यक्रम बमोजिम तालिम प्रदान गर्ने।
- तालिम प्रदान पश्चात प्रमाण पत्र उपलब्ध गराउने ।
- नियमानुसार प्रतिबेदन तयार गरी धरान उपमहानगरपालिका समक्ष पेश गर्ने।

**७. समयावधीः**

यस कामको लागि सुरुको समन्वय, तयारी, तालिम प्रदान तथा प्रतिवेदन तयार गरी कार्यालयलाई धरान उपमहानगरपालिका समक्ष पेश गर्ने समयावधि सम्म जम्मा १५ दिनको हुनेछ।

अम्बिका प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत